# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प. स. २०८२/८३
च .न.

मिति : २०८२।१०।२६

## महिला उद्यमी तथा महिला उद्यमी समुहले निवेदन पेश गर्ने सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघ सशर्त अनुदान तर्फको राष्ट्रिय महिला सशक्तीकरण परियोजना कार्यक्रम कार्यान्वयन गर्नको लागि महिला उद्यमी तथा महिला उद्यमी समुहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम **मिति २०८२/१०/२२ गते प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना प्रकाशन भएको** छ । सो सम्बन्धमा बर्दघाट नगरपालिका अन्तर्गतका महिला उद्यमी तथा महिला उद्यमी समुहले उद्यम व्यवसायको प्रभावकारी संचालन र स्तरोन्नती गर्न प्रविधि सहयोग प्राप्त गर्नका लागि मिति २०८२/११/०७ गते भित्र तपसिल बमोजिमका कागजातहरु संलग्न गरी अनुसूची -१ बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

क. यसै साथ संलग्न कार्यविधिको अनुसूची - १ बमोजिमको ढाँचामा निवेदन,
ख. उद्योग व्यवसाय दर्ता प्रमाणपत्र र नविकरणको प्रतिलिपी,
ग. स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र,
घ. कर चुक्ताको प्रमाणपत्र,
ङ. व्यवसायिक योजना
च. प्रविधिको क्षमता सहितको विवरण (आवश्यक पर्ने प्रविधि, स्पेसिफिकेशन र सोको अनुमानित बजार मूल्य समेत खुलाउने)
छ. यस अघि प्रदेश वा स्थानीय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको छैन भन्ने महिला उद्यमी/महिला उद्यमी समुहको स्व-घोषणा पत्र

............
पुष्कर काफ्ले
वरिष्ठ प्रशासकीय अधिकृत
**बरिष्ठ प्रशासकीय अधिकृत**

लुम्बिनी प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : २०८२/०८३
चलानी नम्बर:

## सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति- २०८२/१०/२२

लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशको आर्थिक बर्ष २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघ सशर्त अनुदान तर्फको **राष्ट्रिय महिला सशक्तीकरण परियोजना कार्यक्रम** कार्यान्वयन गर्नको लागि **महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम संचालन कार्यविधि, २०८२** बमोजिम रीतपूर्वक यस मन्त्रालयमा तपसिल बमोजिमका कागजातहरु सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि यस मन्त्रालयको website : mosd.lumbini.gov.np मा हेर्नुहुन अनुरोध गरिन्छ ।

तपसिल:

१. कार्यक्रमको नामः **राष्ट्रिय महिला सशक्तीकरण परियोजना कार्यक्रम**

२. प्रस्ताव पेश गर्ने निकायः महिला उद्यमी तथा उद्यमी समूहले सम्वन्धित स्थानीय तहमा पेश गर्ने र स्थानीय तहले महिला उद्यमी तथा उद्यमी समूहले पेश गरेका कागजातहरु सहित सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने ।

३. महिला उद्यमी/उद्यमी समूहले स्थानीय तहमा पेश गर्नुपर्ने कागजातहरुः

क. उल्लेखित कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

ख. उद्योग व्यावसाय दर्ता प्रमाणपत्र र नविकरणको प्रतिलिपी,

ग. स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र,

घ. कर चुक्ताको प्रमाणपत्र,

ङ. व्यावसायिक योजना,

च. प्रविधिको क्षमता सहितको विवरण, (आवश्यक पर्ने प्रविधि, स्पेसिफिकेशन र सोको अनुमानित वजार मूल्य समेत खुलाउने।

छ. यस अघि प्रदेश वा स्थानीय तहबाट प्रविधि सहयोग अनुदान प्राप्त गरेको छैन भन्ने महिला उद्यमी/महिला उद्यमी समूहको स्व-घोषणा पत्र ।

४. स्थानीय तहले लक्षित समूह छनौट गर्ने आधारहरुः उल्लेखित कार्यविधिको दफा ५ मा उल्लेखित आधारहरु

५. स्थानीय तहले सम्बन्धित प्रदेशमा सिफारिस गर्दा लिनुपर्ने आधारहरुः- उल्लेखित कार्यविधिको दफा ७ मा व्यवस्था भएका आधारहरु

६. महिला उद्यमी/उद्यमी समूहले स्थानीय तहमा निवेदन दिने समयः- यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयभित्र।

७. स्थानीय तहले सूचनाको म्याद समाप्त भएको मितिले पन्ध्र दिन भित्रमा एक जना महिला उद्यमी र एक महिला उद्यमी समूह छनौट गरी सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेशमा सिफारिस गर्ने।

८. उपलब्ध गराइने प्रविधि सहयोग अनुदान रकमः उल्लेखित कार्यविधिको दफा ४ को उपदफा ५ मा उल्लेख भए बमोजिम हुने ।

(सम्झना सुवेदी)
वरिष्ठ महिला विकास अधिकृत

अनुसूची-१

दफा ६ सँग सम्बन्धित

निवेदनको ढाँचा

श्रीमान् प्रमुखज्यू

................. पालिका,

प्रदेश .................

महोदय,

म/मेरो उद्यमी समूहले .............................. न.पा/गा.पा. अन्तर्गत रहेर स्थानीय श्रोत साधनको समुचित उपयोग गर्दै नाफा कमाउने उद्देश्यले उद्यम व्यवसाय सञ्चालनका लागि महिला उद्यमी तथा उद्यमी समूह प्रवर्द्धनका लागि प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफा ६ बमोजिमका कागजातहरु संलग्न गरी उद्यम व्यवसायको प्रभावकारी सञ्चालन र स्तरोन्नती गर्न प्रविधि सहयोग प्राप्त गरी पाउँ भनि यो निवेदन पेश गरेको छु/छौं ।साथै प्रदेश मन्त्रालयमा सिफारिस गरी दिनु हुन अनुरोध गर्दछु /गर्दछौं।

निवेदक:

नाम, थर:

सम्पर्क नं.

समूहको नाम:

समूह दर्ता नं

दस्तखत:

ठेगाना:

प्रदेश........ जिल्ला........

गा.पा /न.पा.

वडा नं.

सचिव